विधेयक संख्याः–

# कर्णालीप्रदेशजीवनाशकविषादीव्यवस्थापन सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

# <u>उद्देश्य र कारण</u>

नेपालको संविधानमासंघ र प्रदेशको साझा अधिकार सूचीमा भएको अधिकारक्षेत्र अन्तर्गत प्रदेशस्तरमा कृषि मल,बीउर विषादी आपूर्ति व्यवस्था र नियमन गर्ने सम्बन्धी व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम सङ्घीय संसदबाट जारी गरिएको जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ८ को उपदफा (७) मा पञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण र व्यावसायिक प्रयोग लगायतका कार्यको इजाजतपत्र दफा ३ बमोजिम गरिने व्यवस्था गरिएको छ।प्रदेशस्तरमा विषादी बिक्रीवितरण, भण्डारण तथा विषादी छर्कने व्यवसायको इजाजतपत्र प्रदान र सोको नवीकरण तथा खारेजी गर्ने सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेब्यवस्था अनुरुपकर्णाली प्रदेशमाजीवनाशक विषादीकोबिक्रीवितरण, प्रयोग, भण्डारण, ओसारपार, छर्कने र व्यावसायिक प्रयोग लगायतका कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण तथा नियमनको लागि कानूनी व्यवस्था गर्न बनेको **"कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** प्रदेश सभामा पेश गरेको छु।

कर्णाली प्रदेश सरकार
भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश
२०८२।०२।०१

विनोदकुमार शाह
मन्त्री
भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश

## आर्थिक टिप्पणी

प्रस्तुत कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ऐनमा रुपान्तरण भई कार्यान्वयन भएको अवस्थामा प्रदेश सरकारलाई प्रत्यक्ष रुपमा संगठन संरचना तथा जनशक्ति व्यवस्थापनमा थप आर्थिक व्ययभार व्यहोर्नु पर्ने अवस्था देखिदैन।

कुमार शाह

कर्णाली प्रदेश सरकार
भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश
२०८२।०२।०१

तथा सहकारी मन्त्रालय,

कर्णाली प्रदेश

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

कर्णाली प्रदेश जीवनाशक विषादीव्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा "तोकिएको" वा"तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ भन्ने व्यवस्था भएकोले देहाय बमोजिमका विभिन्न दफाहरुमा उल्लेख भए अनुसार देहाय बमोजिम प्रत्यायोजित व्यवस्था,कारण,कानूनको प्रकृति, सिमा र त्यसबाट पर्न सक्ने प्रभावहरु रहेका छन् :-

| क्र=स= | प्रस्तावित विधेयकको दफा/ उपदफा | प्रत्यायोजित व्यस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनअन्तर्गत बनाइनेकानूनको प्रकृति रसिमा | प्रत्यायोजित विधायनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ४ को उपदफा (२) | (२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिमको विवरण र ढाँचामा कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्ष निवेदन दिनु पर्नेछ र कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ। | नियमावलीमा कार्यालयले निवेदन पेश गर्ने व्यवस्थालाई थप व्यवस्थित गर्न । | कार्यालयले संकलित निवेदनहरु मन्त्रालयमा पठाउन अधिकतम समय निर्धारण भई सेवा प्रवाह प्रभावकारी हुने। |
| २ | दफा ४ को उपदफा (३) | निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी तोकिएको योग्यता पूरा भएका व्यक्ति, संस्था वा निकायलाई तोकिएको ढाँचामा प्रयोगशालाले इजाजतपत्र दिन सक्नेछ। | नियमावलीमा इजाजतपत्र लिने व्यक्ति वा निकायको योग्यता र इजाजतपत्रको ढाँचाको व्यवस्था गर्न। | इजाजतपत्र लिने व्यक्ति वा निकायको नियमन प्रभावकारी हुने । |
| ३ | दफा ४ को उपदफा (६) | उपदफा (५) बमोजिमको अवधि समाप्त हुनुभन्दा पैंतिस दिन अगावै तोकिएको दस्तुर सहित सम्बन्धितइजाजतपत्रवालाले नवीकरणको लागि कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्षतोकिएको ढाँचामा निवेदन दिनु पर्नेछर | नियमावलीमा इजाजतपत्र नवीकरणको दस्तुर र नियमावलीमा नवीकरणको ढाँचा तोक्न। | प्रदेशको राजश्व संकलनको स्रोत कायम हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ। | | |
| ४ | दफा ४ को उपदफा (१०) | उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धीशर्त, प्रक्रिया, इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायको योग्यता र इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नियमावलीमा इजाजतपत्रको शर्त लगायतका व्यवस्था तोक्न। | इजाजतपत्रलाई सुव्यवस्थित गर्न। |
| ५ | दफा ८ को उपदफा (१) को खण्ड (झ) | तोकिए बमोजिमका अन्य काम गर्ने। | नियमावलीमा समितिका थप अन्य काम, कर्तव्य र अधिकार तोक्न । | समितिका काम, कर्तव्य र अधिकार सुव्यवस्थित गर्न। |
| ६ | दफा ९ को उपदफा (२) | प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | नियमावलीमा प्रयोगशालाको थप काम, कर्तव्य र अधिकार तोक्न । | प्रयोगशालाको काम कर्तव्य र अधिकारलाई सुव्यवस्थित गर्न । |
| ७ | दफा १३ को उपदफा (३) | जीवनाशक विषादीको नमुना सङ्कलन र विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नियमावलीमा नमुना संकलन र विश्लेषण सम्बन्धी थप व्यवस्था गर्न। | जीवनाशक विषादीको नमुना संकलनलाई व्यवस्थित गर्न। |
| ८ | दफा १७ को उपदफा (१) | जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यक्ति, संस्था वा निकायले आफूले कारोबार गरेको विषादीको परिमाण, मूल्य तथा तोकिएको अन्य विवरणसहितको अभिलेख दुरुस्त राख्नु पर्नेछ। | नियमावलीमा जीवनाशक विषादीको अभिलेखमा राख्ने विवरण उल्लेख गर्न। | जीवनाशक विषादीको अभिलेख सुव्यवस्थित गर्न। |
| ९ | दफा १७ को उपदफा (३) | जीवनाशक विषादीको अभिलेख राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नियमावलीमा जीवनाशक विषादीको अभिलेखमा राख्ने विवरण उल्लेख गर्न। | जीवनाशक विषादीको अभिलेख सुव्यवस्थित गर्न। |
| १० | दफा १८ | प्रदेशभित्रका जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोगकर्ता र | नियमावलीमा जीवनाशक विषादीको विक्री वितरण, | जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, |

| | | | | |
|---|---|---|---|---|
| | | थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्नेआचार संहिता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोगकर्ता र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्नेआचार संहिता व्यवस्था गर्न। | व्यावसायिक प्रयोगकर्ता र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्नेआचार संहिता सुव्यवस्थित गर्न। |
| ११ | दफा २१ को उपदफा (२) | क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्थातोकिए बमोजिम हुनेछ। | नियमावलीमा क्षतिपूर्ति सम्बन्धी प्रकृया र क्षतिपूर्ति निर्धारण समिति लगायतका व्यवस्था तोक्न। | क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई सुव्यवस्थित बनाउन। |

कुमार शाह

कर्णाली प्रदेश सरकार

भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

कर्णाली प्रदेश

२०८२।०२।०१

तथा सहकारी मन्त्रालय,

कर्णाली प्रदेश

## कर्णाली प्रदेशजीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐनको उद्देश्य स्पष्ट पार्न। |
| १ | संक्षिप्त नामर प्रारम्भ | ऐनको नाम उद्धरणका लागि सजिलो बनाउन। |
| २ | परिभाषा | ऐनमा प्रयोग भएका लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट पार्न। |
| ३ | जीवनाशक विषादीको पञ्जीकरण गराउनु पर्ने | नियमन गर्न सजिलो हुने । |
| ४ | इजाजतपत्र लिनु पर्ने | जीवनाशक विषादीको काम गर्नेलाई जिम्मेवार र जवाफदेही बनाउन । |
| ५ | इजाजतपत्र खारेज गर्न सकिने | इजाजतपत्रको दुरुपयोग रोक्न । |
| ६ | प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति | जीवनाशक विषादी विक्रि वितरण भण्डारण र छर्कने कार्यलाई व्यवस्थित गर्न र प्रदेश सरकारलाई आवश्यक सुझाव दिन । |
| ७ | समितिको बैठक र निर्णय | जीवनाशक विषादी व्यवस्थापन समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था गर्न। |
| ८ | समितिको काम, कर्तव्य र अधिकार | जीवनाशक विषादी व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार तोक्न । |
| ९ | समितिको सचिवालय | जीवनाशक विषादी व्यवस्थापन समितिको सचिवालय तोक्न। |
| १० | जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन | जीवनाशक विषादीको प्रयोग र व्यवस्थापनको तरिका अवलम्बन गर्न। |
| ११ | निरीक्षक तोक्न सक्ने | जीवनाशक विषादीको नियमन गर्ने अधिकारीको व्यवस्था गर्न। |
| १२ | निरीक्षकको काम,कर्तव्यरअधिकार | जीवनाशक विषादी निरीक्षकको काम कर्तव्य र अधिकार तोक्न। |
| १३ | नमूना सङ्कलन गर्ने | जीवनाशक विषादीको गुणस्तर परीक्षण गर्ने प्रयोजनको लागि नमूना सङ्कलन गर्न । |
| १४ | प्रयोगशालाको स्थापना | जीवनाशक विषादीको गुणस्तर तथा |

| | | |
|---|---|---|
| | | अनुसन्धानात्मक परीक्षण लगायतको कार्य गर्ने निकाय तोक्न। |
| १५ | पञ्जीकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गर्न नहुनेः | पञ्जीकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गर्न रोक लगाउन। |
| १६ | विषादी विसर्जन गर्नेः | विषादी विसर्जन गर्ने तरिका तोक्न। |
| १७ | अभिलेख राख्नु पर्ने | जीवनाशक विषादीको विक्री वितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोग, विषादी छर्कने व्यक्ति, संस्था वा निकायले आफूले कारोबार गरेको विषादीको विवरण सहितको अभिलेख राख्न। |
| १८ | आचार संहिता बनाउन सक्ने | जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोगकर्ता र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्नेआचार संहिता सम्बन्धी व्यवस्था तोक्न। |
| १९ | सजाय सम्बन्धी व्यवस्था | ऐन विपरीत कार्य गर्नलाई सजायको व्यवस्था गर्न। |
| २० | उजुरी तथा पुनरावेदन सम्बन्धी व्यवस्था | चित्त नबुझ्ने पक्षलाई उजुरी र पुनरावेदनको व्यवस्था गर्न। |
| २१ | क्षतिपूर्ति सम्बन्धी व्यवस्था | मर्का पर्ने पक्षलाई क्षतिपूर्तिको व्यवस्था गर्न। |
| २२ | अनुगमन सम्बन्धी व्यवस्था | अनुगमन सम्बन्धी व्यवस्था गर्न। |
| २३ | संघीय ऐन बमोजिम हुने | दण्ड सजाय लगायतका व्यवस्था प्रचलित संघीय ऐनबमोजिम हुने व्यवस्था गर्न। |
| २४ | विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने | जीवनाशक विषादीको प्रयोग सम्बन्धी जनचेतना लगायत विशेष कार्यक्रम संचालन गर्न |
| २५ | नियम बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |
| २६ | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |

# कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:**कर्णाली प्रदेशभित्रजीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, ओसारपसार, व्यावसायिक प्रयोगलगायतका कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण तथा नियन्त्रण गर्नेसम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नामर प्रारम्भः**(१)यस ऐनको नाम "कर्णाली प्रदेशजीवनाशक विषादी व्यस्थापन ऐन,२०८२"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “कार्यालय”भन्नाले कृषि विकास कार्यालय सम्झनु पर्छ।

(ख) "घरेलु विषादी"भन्नाले घरायसी तथा व्यापारिक प्रयोजनको लागि वनस्पतिजन्य, गहुँत र दुध लगायतका प्राकृतिक स्रोतबाट तयार गरिएको विषादी सम्झनु पर्छ।

(ग) “जीवनाशक विषादी”भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ र वन तथा वन पैदावार, जीव, पशुपन्छी, मानव स्वास्थ्य, भण्डारण, प्याकेजिङ्ग र निर्माण कार्यमा हानि पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वनस्पति, जैविक तथा रासायनिक वस्तु सम्झनु पर्छ र सो शब्दले देहायका वस्तुलाई समेत जनाउँछः-

(१) हानिकारकजीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि कम गराउनेजैविक घटक तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु (एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिररेन्ट,फेरोमोन्स)

(२)हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पर्ने वस्तु (इन्सेक्ट ग्रोथ रेगुलेटर, इन्हिवीटर)

(३) हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने वस्तु (प्लान्टग्रोथ इन्हिवीटर),

(४) पात पतिङ्गर झार्ने वस्तु (डिफोलियन्ट),

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने वस्तु (डेसिकेन्ट),

(६) फलफूल संख्या पतल्याउने वस्तु (थिनिङ एजेन्ट),

(७) समय नपुग्दै फलफूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्ने वस्तु,

(८) कृषिबाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु (डिसइन्फेक्ट्ण्ट)

(घ) "जैविक विषादी" भन्नाले बोट विरुवा, पशुपन्छी र सुक्ष्मजीव लगायतका प्राकृतिक स्रोतबाट तयार गरिएको जीवनाशक विषादी सम्झनु पर्छ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) “निरीक्षक” भन्नाले दफा ११ बमोजिमतोकिएको जीवनाशक विषादी निरीक्षक सम्झनु पर्छ।

(छ) "प्रयोगशाला"भन्नाले दफा १४ बमोजिमको एकीकृत कृषि प्रयोगशाला सम्झनु पर्छ।

(ज) “प्रतिबन्धितजीवनाशक विषादी” भन्नाले मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर गर्ने विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, पञ्जीकरण, बिक्रीवितरण वा प्रयोगमा प्रतिबन्ध लगाइएको विषादी सम्झनु पर्छ ।

(झ) “मन्त्रालय” भन्नाले कर्णाली प्रदेश सरकारको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा६ बमोजिको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ।

(ट) “सूचीकृत विषादी” भन्नालेसङ्घीयऐन बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर तोकेको विषादी सम्झनु पर्छ।

(ठ) "सङ्घीय ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ ।

(ड) "सङ्घीयनियमावलीभ "न्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१सम्झनुपर्छ।

(ढ) "सङ्घीय मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## जीवनाशक विषादीको पञ्जीकरण र इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **जीवनाशक विषादीको पञ्जीकरण गराउनु पर्ने**:(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्त्व समेतको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्नुपूर्वसङ्घीयऐन बमोजिम पञ्जीकरणगराउनु पर्नेछ।

)२ बमोजिम जीवनाशक विषादीको (१) उपदफा (पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्थावानिकायले प्रयोगशालामा निवेदन दिन सक्नेछ।

)३ बमोजिम प्राप्त निवेदनहरु (२) उपदफा (प्रयोगशालाले मन्त्रालय मार्फत सङ्घीय ऐनको दफा १४बमोजिमको निकायमा पठाउनेछ।

(४ (प्रयोगशालालेसङ्घीय ऐन अनुसार पञ्जीकृत विषादीको विवरण प्रत्येक त्रैमासिक रुपमाअद्यावधिक गर्नुपर्नेछ।

(५) कसैलेपनिउपदफा (१) बमोजिम पञ्जीकरण गरिएका बाहेकका जीवनाशकविषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यावसायिक प्रयोग, भण्डारण, बिक्रीवितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गलगायतका कामगर्नु गराउनु हुँदैन।

(६) पञ्जीकरणवा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण,निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न इजाजतपत्र लिने र नवीकरण सम्बन्धी

व्यवस्था सङ्घीय ऐन बमोजिम हुनेछ।

४. **<u>इजाजतपत्र लिनु पर्ने:</u>** (१) पञ्जीकरणवापुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा जीवनाशक विषादी छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायलेसमितिको निर्णयबमोजिम प्रयोगशालाबाटइजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिमको विवरण र ढाँचामा कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्षनिवेदन दिनु पर्नेछ र कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

(३) निवेदनउपर समितिले आवश्यक जाँचबुझ गरी तोकिएको योग्यता पूरा भएका व्यक्ति, संस्था वा निकायलाई तोकिएको ढाँचामा प्रयोगशालाले इजाजतपत्र दिन सक्नेछ।

(४) उपदफा (१)बमोजिम इजाजतपत्र नलिई कुनै पनि व्यक्ति, संस्था वा निकायलेजीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण तथा व्यावसायिक प्रयोग गर्न गराउनु हुँदैन।

(५) उपदफा (१) बमोजिम दिइने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(६)उपदफा (५) बमोजिमको अवधि समाप्त हुनुभन्दा पैंतीस दिन अगावै तोकिएको दस्तुर सहित सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्षतोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ र कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

(७) उपदफा (६)बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने इजाजतपत्रवालाले उपदफा (५) बमोजिमको अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र दोब्बर दस्तुर सहित इजाजतपत्रको नवीकरणका लागि कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्ष निवेदन दिन सक्नेछ।

(८) उपदफा (६) र (७) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रयोगशालालेइजाजतपत्रको म्याद समाप्त भएको मितिदेखि थप तीन वर्षको लागि इजाजतपत्रको

नवीकरण गर्न सक्नेछ।

(९) यस दफा बमोजिम नवीकरण नगराउने इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ।

(१०) उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धीशर्त, प्रक्रिया, इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायको योग्यता र इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक विषादी प्रयोग मुक्त क्षेत्र घोषणा गरेका स्थानमा रासायनिक विषादीको भण्डारण, बिक्रीवितरण र व्यावसायिक प्रयोगको लागि इजाजतपत्र दिइने छैन।

(१२) उपदफा (११) बमोजिमको रासायनिक विषादी प्रयोग मुक्त क्षेत्रमा घरेलु तथा जैविक विषादीको उत्पादन, भण्डारण,बिक्रीवितरण र व्यावसायिक प्रयोगका लागि विशेष प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

५. **<u>इजाजतपत्र खारेज गर्न सकिने:</u>** (१) समितिले प्रयोगशालाको सिफारिसमा देहाय बमोजिमको अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) दफा ४ को उपदफा (६) वा (७) बमोजिम इजाजतपत्र नवीकरण नभएमा,

(ख) इजाजतपत्र प्राप्त गर्दाको समयमा पेश गरेको योग्यता सम्बन्धी प्रमाणपत्रहरु झुट्टा ठहरिएमा,

(ग) इजाजतपत्र प्राप्त कम्पनी वा संस्था वा निकाय खारेज भएमा,

(घ) इजाजतपत्र प्राप्त गर्दा तोकिएका शर्त र आचारसंहिता उल्लंघन गरेमा,

(ङ) इजाजतपत्रवालाको मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि समितिले सम्बन्धित इजाजतपत्रवालालाई पन्ध्र दिनको समय दिई इजाजतपत्र खारेज गर्नु नपर्ने कुनै मनासिब कारण भए पेस गर्नका लागि उचित मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुन नपर्ने कुनै कारण पेश भएमा वा सो समयभित्र कुनै जानकारी प्राप्त हुन नआएमा समितिको निर्णय बमोजिम प्रयोगशालाले पन्ध्र दिनभित्रमा इजाजतपत्र खारेज भएको वा नभएको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) उपदफा )३बमोजिम (को निर्णय नहुन्जेलसम्मको अवधिमा इजाजातपत्रवालालेव्यावसायिक कारोवार तथा बिक्री बितरण गर्न पाउने छैन।

## परिच्छेद-३

## <u>प्रदेश समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

६. **<u>प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति:</u>** (१) प्रदेशभित्र जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, ओसारपसार,व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिने,

नवीकरण गर्ने र सो कार्यको अनुगमन गर्ने, प्रचलित कानून बमोजिमको मापदण्ड पालना गर्न गराउन एवं विषादी व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्न गराउन प्रदेशमा एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, कृषि विकास निर्देशनालय -सदस्य

(ग) प्रमुख, इपिडिमियोलोजी तथा रोग नियन्त्रण सम्बन्धी महाशाखा, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

(घ) प्रदेश भित्रका विषादी व्यवसायीहरुमध्येमन्त्रालयबाट मनोनित एक जना -सदस्य

(ङ) प्रदेशभित्रकाकृषक मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य

(च) प्रमुख, प्रयोगशाला -सदस्य-सचिव

)३) को खण्ड (२) उपदफा (घ( र (ङ) बमोजिम मनोनित हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई पुनः एक पटक मनोनित गर्न सकिनेछ।

)४बमोजिम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) उपदफा ( मनोनित कुनै सदस्यले समितिको हित विपरीत कार्य गरेमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। तर नि्जिलाई हटाउनुपूर्व सफाईको मौका दिनुपर्नेछ।

)५समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको बिज्ञ वा सरोकार (वालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>समितिको बैठक र निर्णय</u>: (१)समितिको बैठकआवश्यकता अनुसार बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(ख) जैविक, वनस्पतिजन्य तथा घरेलु विषादी उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ग) मानव, पशुपन्छी, जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने जीवनाशक विषादीलाई प्रतिबन्ध लगाउनसङ्घीय कृषि हेर्ने मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) प्रदेशभित्र जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिनेर खारेज गर्ने,

(ङ) निरीक्षक वा प्रयोगशालाले गरेको निर्णय विरुद्धको उजुरी सुन्ने,

(च) जीवनाशक विषादी व्यवस्थापन सम्बन्धी मापदण्डहरू स्वीकृत गरी लागु गर्ने, गराउने,

(छ) प्रयोगशालालाई आवश्यकता अनुसार निर्देशन दिने,

(ज) जीवनाशक विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापनको लागि तोकिए बमोजिमका पूर्वाधार तयार गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) समितिले जीवनाशकविषादीको व्यावसायिक प्रयोग,भण्डारण,बिक्रीवितरण, कार्यलाई सहज एवं सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि सो समितिले तोके बमोजिम हुनेछ।

९. <u>समितिको सचिवालय</u>: (१) प्रयोगशालाले समितिको सचिवालयको रुपमा काम गर्नेछ।

(२) प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन

१०. <u>जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन:</u> जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन सङ्घीय ऐन बमोजिम हुनेछ।

११. <u>निरीक्षक तोक्न सक्ने:</u> (१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातकयोग्यता भएकोप्रदेशसरकार मातहतको कृषि सेवा र बाली संरक्षण समूहमा कार्यरत कम्तीमा सातौं तहकोअधिकृत कर्मचारीलाई जीवनाशकविषादीको प्रयोग र व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि जीवनाशक विषादी निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षक तोकेको जानकारी सङ्घीय मन्त्रालयलाई दिनु पर्नेछ।

१२. <u>निरीक्षकको काम,कर्तव्यरअधिकार:</u>(१) यस ऐनमा अन्यत्र उल्लिखित काम,कर्तव्यरअधिकारकाअतिरिक्तनिरीक्षकको काम,कर्तव्यरअधिकारदेहायबमोजिम हुनेछः-

(क) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी समितिमा सिफारिस गर्ने,

(ख) प्रदेशभित्र जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी समितिको सचिवालय प्रतिवेदन पेस गर्ने,

(ग) अनुगमनको क्रममा मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको बिक्रीवितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(घ) कुनै व्यक्ति,संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र,इजाजतपत्र र अभिलेखलगायतकाकागजाततथाप्रमाणको अध्ययन विश्लेषण गर्ने,

(ङ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बाली वस्तुको नमुना सङ्कलन र विश्लेषण गर्ने,गराउने,

(च) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको उलङ्घन भएमा सोको अनुसन्धान गर्ने,गराउनेरसो सम्बन्धी प्रतिवेदन समितिको सचिवालय समक्ष पेश गर्ने,

(छ) खण्ड (च) बमोजिम अनुसन्धान गर्दा ऐन तथा नियमावलीको उल्लंघन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण,जीवनाशक विषादी,अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित उल्लङ्घनकर्ता व्यक्तिलाई जफतको भरपाई दिने,

(ज) खण्ड (छ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२)दफा ११ को उपदफा (१) बमोजिम नियुक्त निरीक्षकले आफुले सम्पादन गरेका कामको चौमासिक प्रतिवेदन प्रयोगशाला मार्फत मन्त्रालय र समिति समक्ष पेशगर्नु पर्नेछ।

१३. <u>नमुना सङ्कलन गर्ने:</u> (१) प्रयोगशालाले जीवनाशक विषादीको गुणस्तर परीक्षण गर्ने प्रयोजनको लागि नमुना सङ्कलन गर्नु पर्नेछ।

(२) जीवनाशक विषादीको नमुना सङ्कलन र विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. <u>प्रयोगशालाको स्थापना:</u>जीवनाशक विषादीको गुणस्तर तथा अनुसन्धानात्मक परीक्षण लगायतको कार्य हालको एकीकृत कृषि प्रयोगशालाबाट गरिनेछ।

१५. <u>पञ्जीकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गर्न नहुने:</u> कुनै व्यक्ति,संस्था वा निकायले पञ्जीकरण नगरिएको तथा प्रतिबन्धित जीवनाशक विषादीका बारेमा गलत भ्रामक विवरण उल्लेख गर्न तथा कुनै अर्को जीवनाशक विषादीसँग भ्रम पर्ने तथा झुक्याउने नियतले प्रचार प्रसार गर्नु हुँदैन।

१६. **<u>विषादी विसर्जन गर्ने:</u>** जीवनाशक विषादीको विसर्जन गर्ने सम्बन्धी व्यवस्था सङ्घीय ऐन बमोजिम हुनेछ ।

१७. **<u>अभिलेख राख्नु पर्ने:</u>** (१) जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कनेव्यक्ति, संस्थानिकायले आफूले कारोबार गरेको विषादीको परिमाण, मूल्य तथा तोकिएको अन्य विवरणसहितको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कारोवार गर्दा राखिएको अभिलेख निरीक्षक, समिति तथा प्रयोगशालाले मागगरेमा त्यस्तो अभिलेख तत्काल उपलब्ध गराउनु पर्नेछ।

(३) जीवनाशक विषादीको अभिलेख राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>आचारसंहिता बनाउन सक्ने:</u>**प्रदेशभित्रका जीवनाशक विषादीको बिक्रीवितरण, ओसारपसार, भण्डारण, व्यावसायिक प्रयोगकर्ता र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्नेआचारसंहिता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## <u>सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>

१९. **<u>सजाय सम्बन्धी व्यवस्था:</u>**(१) देहायको कुनै कामगर्नेलाई निरीक्षकले सङ्घीय ऐन बमोजिम तत्काल जरिवाना गर्न सक्नेछः-

(क) जीवनाशक विषादीको प्रयोग पश्चात प्याकेट, खोल, बट्टा आदि तोकिएको आचारसंहिता बमोजिम व्यवस्थापन नगरेमा,

(ख) सार्वजनिक स्थलमा जीवनाशक विषादी भण्डारण गरेमा,जीवनाशक विषादी भण्डारण कक्ष पक्की ढलान नगरेको, सूर्यको किरण प्रत्यक्ष नपर्ने, हावा खेल्ने र तालाबन्दी गर्न सकिने नभएमा,

(ग) जीवनाशक विषादी, खाद्य पदार्थ, दाना, लुगाफाटा, औषधि लगायतका वस्तुहरुको भण्डारण एकै कक्षमा राखेमा,

(घ) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा बिक्रीवितरण तथा ओसारपसार गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय नअपनाएमा,

(ङ) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा बस्दा वा पस्दा तोकिएको सुरक्षात्मक उपायहरु अबलम्बन नगरेमा,

(च) जीवनाशक विषादीको भण्डारण र बिक्री कक्षमा खाद्यपदार्थको भण्डारण र उपभोग गरेमा,

(छ) जीवनाशक विषादीको खतराको स्तर र सविन्यासको आधारमा भिन्दाभिन्दै सुरक्षित तवरले भण्डारण नगरेमा,

(ज) रासायनिक विषादी प्रयोग मुक्त क्षेत्रमा रासायनिक विषादीको बिक्रीवितरण, प्रचारप्रसार, प्रयोग तथा विसर्जन गरेमा।

(२ बमोजिमको जरिवाना रकम (१) उपदफा (निरीक्षकले प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाई अभिलेख राख्नु पर्नेछ।

(३ (दण्ड, जरिवाना र सजाय सम्बन्धी अन्य व्यवस्था सङ्घीय ऐन बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको कार्यमा दण्डसजाय गर्नु पर्ने भएमा मन्त्रालय मार्फत सङ्घीय मन्त्रालयमा आवश्यक विवरण सहित लेखि पठाउनु पर्नेछ।

२०. <u>उजुरी तथा पुनरावेदन सम्बन्धी व्यवस्था:</u>(१) निरीक्षकगरेको निर्णयमा चित्त नबुझ्ने पक्षले उक्त निर्णय भएको मितिले सात दिनभित्र समिति समक्ष पुनरावेदनगर्न सक्नेछ।

(२) उपदफा (१)बमोजिम दिएको उजुरी सम्बन्धमा समितिको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको जानकारी पाएको मितिलेपैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२१. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>: (१) प्रदेशभित्र जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण, व्यावसायिक प्रयोग र जीवनाशक विषादी छर्कने क्रममा कुनै दुर्घटना भएमा सम्बन्धित इजाजतपत्रप्राप्त व्यक्ति, संस्था वा निकायले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्थातोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## <u>विविध</u>

२२. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> (१) जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन गर्ने जिम्मेवारी समिति र प्रयोगशालाको हुनेछ। आवश्यकतानुसार मन्त्रालय, कृषि विकास निर्देशनालयर कृषि विकास कार्यालयसमेतलेअनुगमन गर्न सक्नेछ।

(२) समितिले प्रदेशमा रहेका जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गरी प्रदेशको मन्त्रालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

२३. <u>सङ्घीय ऐन बमोजिम हुने</u>:यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यमा सङ्घीय ऐन बमोजिम हुनेछ।

२४. <u>विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने:</u> जीवनाशक विषादीको प्रयोगबाट वातावरण तथा मानव, पशुपन्छी, जलचर, बिरुवा लगायतका स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न मन्त्रालय र मातहतका निकायले विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२५. <u>नियम बनाउन सक्ने</u>: यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२६. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u> यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि

मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।